नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

कञ्चनपुर भन्सार कार्यालय

गड्डाचौकी कञ्चनपुर

लिलाम सुचना

प्रकाशन मिती २०८३/०१/०९

प.सं.

च.नं.

मितीः-२०८३/०१/०९

भन्सार छली चोरी पैठारी अभियोगमा विभिन्न मितीमा यस कार्यालयमा दाखिला भएका तपसिलमा उल्लेखित मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा खुल्ला बोलकबोलको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले ईच्छुक व्यक्ती, फर्म, कम्पनी वा संघ संस्थालाई डांक बढाबढमा भाग लिनको लागी भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितीले १५ औं दिन २०८३/०१/२३ गतेका दिन ०१:०० देखि ०३:०० बजे सम्म यस कार्यालयको परिसरमा डांक बढाबढ हुनेछ । लिलाम लिन ईच्छुक फर्म/कम्पनीले अनिवार्य रुपमा आयकर, मु.अ.कर दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न ईजाजत पत्र र आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । डांक बढाबढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा संस्थाको कबोल रकम स्वीकृत गरिने छ । कबोल अंक स्वीकृत भएको मितीले ७ दिनभित्र आफुले कबोल गरेको मालवस्तुको मुल्य र सो मा लाग्ने प्रचलित नियमानुसारको कर (मु.अ.कर, अन्तःशुल्क) रकम सहित भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्याद भित्र मालवस्तु उठाई नलगेमा नियमानुसार हुने व्यहोरा समेत जानकारी गराईन्छ । डांक बढाबढमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम नगदै धरौटी बाफत तत्कालै जम्मा गर्नु पर्नेछ । डांक स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिने छ । यस सुचनामा उल्लेखित व्यहोरा बाहेक अन्य विषयहरु नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराईन्छ । यो सुचना भन्सार विभागको वेवसाईट www.customs.gov.np मा समेत हेर्न सकिने छ ।

तपसिलः

सि.नं.	मुद्दा नं.	मिति	समानको विवरण	मुल्याङ्कन समितिबाट कायम हुने मुल्य (रु मा)	कैफियत
१	१२४२	३/१८/२०८२	पित्तलको पराद ५४ पिस, स्टिलको काँटा चम्चा ३४४ दर्जन, तामाको कुम्भ १५० प्याकेट ।	४८८०४	
२	३२३	७/१४/२०८२	मखमल कपडा २० मिटर, सानो जुत्ता ६० जोर, ठूलो जुत्ता २१ जोर, स्पोस्ट सुज जुत्ता ठूलो १० जोर, सानो स्पोस्ट जुत्ता १० जोर, snowlite raccucite लेखिएको चप्पल २० जोर, बुट्टेदार धोति १३ थान, सुट कपडा १६ थान, मार्किङ कपडा ३० मिटर, रातो साडि २८ मिटर, रातो कपडा ४८ मिटर, चम्किने पलास्टिकको डोरी १२ किलो, सानो र ठूलो पन्जा १/१ जोर, लेडिज मोसा १ जोर, रातो बाक्लो कपडा ३५ मिटर, क्रिमिरे गुलाबी रङको कपडा २० मिटर, गुलाबी रङको कपडा २० मिटर, रातो रानी कलरको कपडा २० मिटर ।	१८९४०	
३	३९५	८/१/२०८२	सुट १० पिस, धोती ६ पिस, साडी २६ पिस ।	५०४०	
४	४३२	८/९/२०८२	कन्सिल्ड लाईट ४० पिस ।	४४००	
५	६१६	९/२७/२०८२	ट्रयाक सुट मोटो ३ पिस, ट्रयाक सुट पातलो २ पिस, हुड १ पिस, टि-सर्ट ४ पिस, टावेल ८ पिस, गलबन्दी ५ पिस, उलन सर्ट २ पिस, पाईन्ट ४ पिस।	७७४४	

ईति सम्वत् २०८३ साल वैशाख ०९ गते रोज ४ शभम् .....।